# कर्णाली प्रदेशका दुर्गम भेगबाट हेलिकप्टर उद्धार गरेर दर्जनौँ गर्भवती महिलाको उपचार

प्रकाश पन्त
बीबीसी न्यूज नेपाली

१८ नोभेम्बर २०१९



COURTESY: HANSA RAJ NEUPANE

कालीकोटमा गर्भवती महिलालाई उद्धारको लागि गएको हेलिकप्टरमा गर्भवतीलाई राखिँदै

**डोल्पाको जगदुल्ला गाउँपालिका-५ माझगाउँकी लवाना धराला सुत्केरी बेथाले च्यापेपछि गाउँकै बर्थिङ सेन्टरमा गइन्। बच्चाको हात पहिले नै निस्केको भए पनि स्वास्थ्यकर्मीले उनलाई सुत्केरी गराउन सकेनन्।**

जिल्ला सदरमुकाम दुनै पुग्न दुई दिन लाग्ने भएकोले उनलाई समयमै अस्पताल पुऱ्याउन असम्भवप्राय: थियो। तत्काल उपचार नपाए ज्यानै जान सक्ने अवस्था आएपछि धरालालाई हेलिकप्टरबाट उद्धार गरी सुर्खेत पुऱ्याइयो।

स्वास्थ्यकर्मीले दिएको मिति कटेको २१ दिनपछि शल्यक्रिया गरेर उनको गर्भबाट मृत बच्चा निकालियो। "त्यो पीडा सम्झँदा बाँचिएला जस्तो लागेकै थिएन, तर हेलिकप्टरले बँचायो," उनी भन्छिन्।

गर्भाशयमा बच्चा उल्टो बसेकाले कालीकोटकी रत्ना शाहीले पनि सामान्य रूपमा बच्चा जन्माउन सकिनन्।

तुरुन्तै उपचार नगरे आमा र बच्चा दुवैको ज्यान जान सक्ने अवस्था आएपछि उनलाई हेलिकप्टरबाट उद्धार गरी सुर्खेत लगियो।

शल्यक्रियापछि छोरीलाई जन्म दिएकी उनी भन्छिन्, "धन्न बाँचियो! हेलिकप्टर नपाएको भए मर्नुबाहेक अरू उपाय थिएन।"

> हेलिकप्टरबाट उद्धार गरी ल्याएपछि प्रदेश अस्पताल सुर्खेतमा छोरालाई जन्म दिएकी जाजरकोटकी पानसरी टमटा

तेस्रो बच्चा गर्भमा हुँदा बेथा लागेको सात दिनसम्म पनि सुत्केरी हुन नसकेर छटपटाइरहेकी छेडागाड नगरपालिका-९ पजारु जाजरकोटकी पानसरा टमटालाई यही कार्तिक २७ गते हेलिकप्टरबाटै उद्धार गरियो।

हेलिकप्टर नआएको भए मरिन्थ्यो भन्दै प्रदेश अस्पताल सुर्खेतमा सुत्केरी भएकी उनी भन्छिन्, "मरिन्छ कि भन्ने लागेको थियो, अहिले नयाँ चोला पाएको अनुभूति भयो।"

## जीवनदान

पाँच वर्षअघिबाट सरकारले आमा सुरक्षा कार्यक्रमअन्तर्गत सञ्चालन गरेको हवाई उद्धार सेवा लवाना, रत्ना र पानसराजस्ता धेरै महिलालाई जीवनदान दिएको छ।

यो अवधिमा जटिल स्वास्थ्य समस्या भएर ज्यानै जाने अवस्था पुगेका ५७ जना गर्भवती र सुत्केरी महिलालाई बचाएको सरकारी अधिकारीहरूले बताए।

- छोरीमात्र जन्माए एक लाख पुरस्कार
- निस्वार्थ स्तनपान, टुहुरालाई जीवनदान

स्वास्थ्य मन्त्रालयले सञ्चालन गरेको हवाई सेवा प्रभावकारी बनेपछि गत वर्षदेखि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत पनि यो सेवा सञ्चालन गरिएको सरोकारवालाहरूले बताएका छन्।

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत एअर लिफ्ट कार्यक्रमकी अञ्जु ढुङ्गानाले २०७५ पौष महिनादेखि हालसम्म उद्धार गरिएका ५९ महिलामध्ये ३० जना कर्णाली प्रदेशका रहेको बताइन्।

## प्रभावकारी

जटिल स्वास्थ्य समस्याले गर्दा अकालमै ज्यान गुमाउने अवस्थामा पुगेका विकट ठाउँका गर्भवती र सुत्केरी महिलालाई तुरुन्तै उद्धार गर्ने भएकोले कर्णालीमा हवाई सेवा निकै प्रभावकारी भएको स्वास्थ्य निर्देशक रिता भण्डारी जोशी बताउँछिन्।

पहिला धेरै जना सुत्केरी र गर्भवतीले अकालमै ज्यान गुमाउने गरेको उल्लेख गर्दै उनी भन्छिन्, "हवाई सेवाले गर्दा त्यो

सङ्ख्या एकदमै न्यून भएको छ।'

COURTESY: AIN BAHADUR MAHARA

> डोल्पाबाट उद्धार गरी ल्याइएकी लवाना धरालालाई सुर्खेत विमानस्थलमा

हवाई सेवा सुरु हुनुअघि वर्षमा ३३ जना गर्भवती र सुत्केरी महिलाले ज्यान गुमाउने गरेको तथ्याङ्कले देखाउँछ।

अहिले त्यो सङ्ख्या घटेर १२ जनामा झरेको निर्देशनालयका तथ्याङ्क अधिकृत विनोद आचार्यले बताउँछन्।

उद्धार गर्न थालेपछि सुत्केरी हुनुअघि, सुत्केरी हुने बेला र सुत्केरी भइसकेपछि हुने आमाको मृत्युमा कमी आएको छ।

लामो सुत्केरी बेथा लागेका, बच्चा जन्मिन कठिनाइ भएका, हातखुट्टा र शरीर सुन्निएका गर्भवती तथा गर्भमै बच्चाको मृत्यु भएका महिनाको उद्धार गरिने गरेको बताइएको छ।

यस्तै अधिक रक्तस्राव भएका, रक्त अल्पता, सालनाल पहिला निस्केका, पाठेघर फुटेका गर्भवती र सुत्केरीलाई तत्कालै उद्धार गरी बचाउन सफल भएको निर्देशनालयकी फोकल पर्सन मानकुमारी गुरुङले बताइन्।

## कठिनाइ

तर जोखिमपूर्ण अवस्थामा रहेका गर्भवती र सुत्केरीलाई भनेको समयमै उद्धार गर्न सहज नभएको स्वास्थ्यकर्मीहरू बताउँछन्।

कार्मारोङ गाउँपालिका मुगुमा कार्यरत अनमी सृष्टि पुन भन्छिन्, 'तुरुन्तै उद्धार गर्नुपर्ने हुन्छ। तर खराब मौसम, साँझ पाँच बजेपछि हेलिकप्टर नआउने आदि कारणले भनेको समयमा उद्धार गर्न कठिनाइ हुन्छ।"

- बीस लाख वर्षअघि सुत्केरी हुन अहिलेभन्दा 'सजिलो'
- पहिलो बच्चा जन्माएको एक महिनापछि जब जुम्ल्याहा बच्चा जन्मिए

केन्द्र सरकारले सञ्चालन गरेको यो सेवालाई कर्णाली प्रदेश सरकारले पनि गत वर्षदेखि निरन्तरता दिएको छ।

हवाई सेवाको लागि गत वर्ष डेढ करोड विनियोजन गरेको प्रदेश सरकारले यसबर्ष ५० लाख रुपैयाँ छुट्ट्याएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

कर्णालीका कतिपय स्थानीय तहले जटिल अवस्थाका गर्भवती र सुत्केरीलाई आफ्नै पैसाले हेलिकप्टरबाट उद्धार पनि गरेको जनाएका छन्।

हेलिकप्टरबाट उद्धार गरेर दुई महिलाको ज्यान बचाएको जाजरकोटको कुशे गाउँपालिकाले उल्लेख गरेको छ।

**उपकरण र चिकित्सक**

हेलिकप्टरबाट उद्धार गरेका महिलाका आफन्तहरू दुर्गम गाउँका महिलाका लागि त्यसो गर्नु वरदान नै भएको बताउँछन्।

यही कार्तिक २१ गते कालिकोटबाट उद्धार गरिएकी रत्नाकी आफन्त गीता शाही भन्छिन्, "विकट गाउँका महिलाको लागि हवाई सेवा भगवान् हो।"

तुरुन्तै हेलिकप्टर नआए मर्नुबाहेक अर्को विकल्प नहुने भन्दै डोल्पाकी लवाना धराला सुत्केरीलाई भत्ता दिनुभन्दा पनि दुर्गम गाउँका स्वास्थ्य संस्थामा बच्चाको अवस्था थाहा पाउने उपकरण र चिकित्सक पठाउन सरकारसँग आग्रह गर्छिन्।

पत्नीको चिन्ताले सात दिनसम्म रोएर दिन बिताएको उल्लेख गर्ने पानसरा टमटाका पति वीरजित टमटा अहिले सबै पीडा बिर्सिएको बताउँछन्।

## श्रेय लिने होड

COURTESY: CHETAN NIDHI WAGLE

> हुम्लाबाट उद्धार गरिएकी गर्भवती महिलालाई हेलिकप्टरबाट ओराल्दै कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री दल रावल

हेलिकप्टरबाट उद्धार गरेपछि आफूले अग्रसरता लिएको भन्दै नेताहरूले श्रेय लिने होडबाजी लिने गरेको देखिन्छ।

कतिपय मन्त्रीदेखि सांसदसम्म विमानस्थलमै पुगेर उद्धार गरेर ल्याइएका महिलालाई हेलिकप्टरबाट आफैँले ओराल्न खोज्ने गरेको सरकारी अधिकारीहरूको गुनासो छ।

नेताहरूको अनावश्यक दबाव दिएर जटिल समस्या भएको भन्दै ल्याइएका केही महिलाहरू अस्पतालमा सामान्य रूपमै सुत्केरी हुने भएको उदाहरण भएको प्रदेश अस्पताल सुर्खेतका चिकित्सकहरू बताउँछन्।

- कर्णालीवासीको एकमुष्ट विपद् बीमा कति व्यावहारिक
- 'तराईका १६ प्रतिशत बालबालिकामा कुपोषण'

## सम्बन्धित सामग्री



**यार्सागुम्बा: कर्णाली अञ्चलमा पढ्न छाडेर विद्यार्थी 'च्याउ' टिप्न लेकमा, गाउँ सुनसान**

८ जुन २०१९



**कर्णालीको स्याउ बेचेर कुस्त कमाउने अवसर यसकारण गुम्दैछ**

१४ सेप्टेम्बर २०१९

## मुख्य समाचार

**नेपाल र यूएईबीच खेल जारी, क्रिकेटमा यस्तो छ दुई देशको इतिहास**

३ घण्टा पहिले

**भुटानी राजनीतिक बन्दी रिहाइका लागि किन खोजिँदैछ भारतको सहयोग?**

१ घण्टा पहिले

**उत्तर कोरियाद्वारा जापान-कोरिया शीर्ष वार्ताअघि लामो दूरीको क्षेप्यास्त्र प्रहार, त्यो कति शक्तिशाली थियो?**

१ घण्टा पहिले

## अनि यो पनि



रुसी विमानसँग ठोक्किएपछि अमेरिकी ड्रोन दुर्घटनाग्रस्त

१५ मार्च २०२३

लामो अनुपस्थितिपछि जापानका एक यूट्यूबर सांसद निष्कासित

१५ मार्च २०२३

अमेरिका, यूके र अस्ट्रेलिया परमाणु पनडुब्बी परियोजनामा सहमत

१४ मार्च २०२३

उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

१४ मार्च २०२३

जब अमेरिकामा जङ्गली बिरालोको शरीरमा लागुपदार्थको अंश भेटियो

१४ मार्च २०२३

सुरक्षा लगानी बढाउँदै यूके, चीन र विश्व व्यवस्थाबारे चर्चा किन?

१४ मार्च २०२३

आफ्नै मान्यता 'कुल्चिएका' रामचन्द्र पौडेलको परीक्षा आरम्भ

१३ मार्च २०२३

भाइरसहरू कसरी प्रयोगशालाबाट चुहिएर बाहिरिन सक्छन्?

१३ मार्च २०२३

‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व

१२ मार्च २०२३

## धेरै पढिएको

१ नेपालले बिहीवार यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?

२ पोल्यान्डमा भेटियो रुसी जासुसहरूको सञ्जाल, तोडफोड गरेको आरोपमा पक्राउ

३ उत्तर कोरियाद्वारा जापान-कोरिया शीर्ष वार्ताअघि लामो दूरीको क्षेप्यास्त्र प्रहार, त्यो कति शक्तिशाली थियो?

४ नेपाल र यूएईबीच खेल जारी, क्रिकेटमा यस्तो छ दुई देशको विगत

५ भुटानी राजनीतिक बन्दी रिहाइका लागि किन खोजिँदैछ भारतको सहयोग?

बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू

कुकीज

बीबीसीको बारेमा

बीबीसीलाई सम्पर्क गर्नुहोस्

गोपनीयता नीति

AdChoices / Do Not Sell My Info

© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**